# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

*मन्त्रालयबाट स्वीकृत मितिः २०८३।०५।२२*

**प्रस्तावनाः** आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय र मन्त्रालय मातहतको निर्देशनालय तथा कार्यालयहरूबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरू कार्यान्वयनमा एकरूपता र सहजता ल्याउन वाञ्छनीय भएकाले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम कार्यालयले उद्योगी/व्यवसायी तथा सङ्घ/संस्थालाई प्रदान गर्ने रकम वा प्रविधि सम्झनुपर्छ।

(ख) "उद्योग" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योग सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्छ।

(ङ) "खाद्यान्न" भन्नाले सहुलियत पसलमा आधार मूल्यमा बिक्री गरिने चामल, गेडागुडी, दाल, नुन, तेल, पिठो, गहुँ, चिनी सम्झनुपर्छ।

(च) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहत रहेको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्छ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट वा साझेदारी फर्म सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(झ) "लक्षित समूह" भन्नाले कार्यक्रम लागु भएका जिल्लामा बसोबास गर्ने देहाय बमोजिमका व्यक्ति सम्झनुपर्छः-

(१) विपन्न परिवारका नागरिक,

(२) दलित,

(३) पिछडिएका आदिवासी, जनजाति, सुकुम्बासी, हलिया तथा मुक्त कमैया,

(४) विपद् बाट प्रभावित व्यक्ति वा समूह,

(५) भूमिहीन।

(ञ) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थानीय व्यापार सञ्चालन गर्नको लागि अनुमति लिएको प्राइभेट फर्म, साझेदारी फर्म, प्राइभेट लिमिटेड तथा सहकारी संस्था सम्झनुपर्छ।

मा. भण्डारी लाल अहिर
मन्त्री

(ट) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत जनाउँछ।

## परिच्छेद-२

## वाणिज्य तथा आपूर्ति प्रवर्द्धन कार्यक्रम

३. **उद्योग तथा वाणिज्य प्रशासन:** (१) निर्देशनालय र कार्यालयले उद्योग तथा वाणिज्य फर्महरूको दर्ता, नवीकरण तथा प्रमाणपत्र प्रदान गर्न आवश्यक दर्ता नवीकरण अभिलेख किताब र प्रमाणपत्रको छपाइ तथा अभिलेख व्यवस्थापनको लागि आवश्यक स्टेसनरी लगायत अन्य सामग्री खरिद तथा उद्योग र वाणिज्य प्रशासनसँग सम्बन्धित कार्यमा यस कार्यक्रमबाट खर्च गर्न सक्नेछ।

(२) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य (QR कोड मार्फत गुनासो सुनुवाई) मा समेत खर्च गर्न सकिनेछ।

(३) निर्देशनालय र कार्यालयले उद्योग तथा वाणिज्य फर्महरूको तथ्याङ्क व्यवस्थित गर्ने कार्यमा समेत रकम खर्च गर्न सकिनेछ।

४. **वाणिज्य बजार अनुगमन/निरीक्षण:** (१) व्यापार व्यवसायलाई मर्यादित बनाई उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउनका लागि कार्यालयले खाद्य वस्तु, औषधी तथा प्रयोगशाला, एग्रोभेट, पेट्रोलपम्प लगायतका विषयमा महिनामा कम्तीमा दुई पटक बजार अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह तथा स्थानीय प्रशासन लगायतका सरोकारवाला निकाय वा संस्थासँग समन्वय गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम बजार अनुगमनका लागि आवश्यक उपकरण खरिद, नमुना सङ्कलन तथा परीक्षण, अनुगमनमा खटिएका टोलीलाई खाजा र खाना, नियमानुसार पाउने यातायात तथा दैनिक भ्रमण भत्तामा यस क्रियाकलापको रकम खर्च गर्न सकिनेछ।

५. **विद्यालय तथा समुदायस्तरमा उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन:** (१) कार्यालयले प्रत्येक जिल्लाका कम्तीमा ५ (पाँच) वटा विद्यालय वा समुदायस्तरमा कम्तीमा ५० (पचास) विद्यार्थी वा उपभोक्ता सहभागी हुने गरी उपभोक्ता शिक्षा जागरण कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले उपभोक्ता शिक्षा सम्बन्धी चेतनामूलक सन्देशको प्रचारप्रसार गर्नेछ। यस कार्यक्रमको रकम दैनिक भ्रमण, प्रशिक्षक खर्च, यातायात खर्च, स्टेसनरी खरिद तथा प्रचारात्मक सामग्री छपाइ तथा खाना/खाजामा नियमानुसार खर्च गर्न सक्नेछ।

६. **उद्योग तथा वाणिज्य सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम:** निर्देशनालय तथा कार्यालयले उद्योग तथा वाणिज्य सम्बन्धी कानुनी व्यवस्था एवं उपभोक्ता शिक्षा सम्बन्धी होडिङबोर्ड, बुलेटिन, ब्रोसर, पम्पलेट, टेलिभिजन, रेडियो, पत्रपत्रिका लगायतका विषयमा चेतनामूलक सन्देशको छपाइ, प्रकाशन तथा विभिन्न सञ्चार-माध्यममार्फत प्रचारप्रसार गर्नका लागि यस कार्यक्रमबाट खर्च गर्न सक्नेछ।

७. **उद्योग तथा वाणिज्य मेला प्रदर्शनी:** कार्यालले प्रदेशभित्रका लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु तथा सेवाको प्रचारप्रसार तथा बजारीकरणमा टेवा पुऱ्याई आन्तरिक उत्पादनको प्रवर्द्धन गर्न उद्योग तथा वाणिज्य क्षेत्रका सङ्घसंस्थाबाट आयोजना हुने औद्योगिक तथा व्यापार मेलामा लघु, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको प्रदर्शन गर्ने प्रयोजनका लागि उद्यमी तथा व्यावसायिक सङ्घसंस्थालाई व्यवस्थापन सहयोग, स्टलभाडा सहयोग, उद्यमीका लागि यातायात तथा खाना खाजा खर्च नियमानुसार गर्न सक्नेछ।

८. **उद्योग तथा वाणिज्य फर्महरूसँग गुणस्तरीय वस्तु तथा सेवा विषयक कार्यशाला:** (१) कार्यालयले उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धताका लागि उपभोक्ता संरक्षण ऐन तथा नियमावलीमा उल्लेख भएका उत्पादक तथा व्यवसायीका दायित्वका विषयमा उद्यमी तथा

भण्डारी लाल अहिर
मन्त्री

व्यवसायीहरूलाई सचेतना अभिवृद्धि गराउने उद्देश्यले प्रत्येक जिल्लामा सञ्चालित उद्योग तथा वाणिज्य फर्मसँग गुणस्तरीय वस्तु तथा सेवा विषयक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमका लागि आवश्यक रकम दैनिक भ्रमण भत्ता, स्रोत व्यक्तिलाई पारिश्रमिक, यातायात खर्च, स्टेसनरी खर्च, खाना/खाजा खर्च र हलभाडामा खर्च गर्न सकिनेछ।

९. <u>खाद्य स्वच्छता तथा सुरक्षा सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमः</u> (१) खानामा कुनै हानिकारक वस्तु मिसावट नहुने सुनिश्चित गर्नका साथै खाना फ्रिजमा सही तापक्रममा राख्न, म्याद गुज्रिएको (expiry date) खाना नखान, पाकेको र काँचो खाना छुट्टाछुट्टै राख्न लगायतका विषयहरूको बारेमा आम नागरिकलाई सचेत गराउनका लागि मानिसलाई फुड प्वाइजनिङ जस्ता रोगबाट बचाउने, पोषणयुक्त र गुणस्तरीय खाना सुनिश्चित गर्ने, बालबालिका, वृद्ध र बिरामी व्यक्तिहरूको स्वास्थ्य जोगाउन निर्देशनालयले यो कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि आवश्यक रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षक, यातायात, स्टेसनरी, खाना/खाजा र हल भाडामा खर्च गर्न सकिनेछ।

१०. <u>प्रभावकारी बजार अनुगमन गर्ने सम्बन्धमा स्थानीय तहसँग कानुनी एवं संस्थागत क्षमता अभिबृद्धिका लागि कार्यशाला गोष्ठीः</u> (१) उपभोक्ताको हकहितलाई ध्यान दिई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने सम्बन्धमा स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका उद्योग र वाणिज्य शाखामा कार्यरत कर्मचारीहरु, जनप्रतिनिधिसँग, स्थानीय तथा जिल्ला तहका अनुगमन समितिका पदाधिकारीहरुसँग उपभोक्ता हित, बजार अनुगमन, उद्योग अनुगमन लगायतका विषयमा निर्देशनालयले कार्यशाला गोष्ठी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि आवश्यक रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षक, यातायात, स्टेसनरी, खाना/खाजा र हल भाडामा खर्च गर्न सकिनेछ।

११. <u>घरेलु तथा साना उद्योग कार्यालयको प्रगति समिक्षा तथा अन्तर्क्रिया कार्यक्रमः</u> (१) निर्देशनालयले कार्यालयको त्रैमासिक र वार्षिक समिक्षा कार्यक्रम आयोजना गरी प्रगति विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिकको कार्यक्रमको लागि आवश्यक रकम स्टेसनरी, खाना/खाजा र हल भाडामा खर्च गर्न सकिनेछ।

१२. <u>अन्तरप्रदेश कार्यअनुभव आदान प्रदान कार्यक्रमः</u> (१) निर्देशनालयले उपभोक्ता हित, उद्योग/बजार अनुगमन लगायतका विषयमा अन्य प्रदेशमा गई अनुभव आदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुभव आदान प्रदान गर्दा असल अभ्यासको अनुकरण गर्न सक्नेछ।

(३) यस दफा बमोजिम कार्य सञ्चालन गर्दा आवश्यक दैनिक भ्रमण भत्ता, यातायात, स्टेसनरी, खाना/खाजामा रकम नियमानुसार खर्च गर्न सकिनेछ।

(४) यस दफा बमोजिमको कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-३

## <u>औद्योगिक प्रवर्द्धन कार्यक्रम</u>

१३. <u>विभिन्न दिवस समारोह /उद्योग दिवस मनाउने/ विश्व उपभोक्ता अधिकार दिवस मनाउनेः</u> निर्देशनालय तथा कार्यालयले विभिन्न दिवस मनाउँदा सरोकारवाला निकाय एवम् सङ्घ-संस्थासँग समन्वय गरी निर्धारित मितिमा मनाउने दिवसको दिन भेला, गोष्ठी, प्रदर्शनी, प्रभातफेरी, उपभोक्ता सम्मान, सेवाग्राही



डा. भण्डारी लाल अहिर
मन्त्री

सम्मान लगायतका कार्यक्रम सञ्चालन गर्दा लाग्ने कार्यपत्र, स्टेसनरी, खाना/खाजा, हलभाडा जस्ता क्रियाकलापमा खर्च गर्न सक्नेछ।

१४. <u>लघु घरेलु तथा साना उद्योगहरूको अनुगमन निरीक्षण, सहजीकरण र प्रतिवेदन/उद्योग निरीक्षण कार्यक्रमः</u> (१) निर्देशनालय तथा कार्यालयले लघु, घरेलु तथा साना उद्योगहरूले उत्पादन गर्ने वस्तु तथा सेवाको गुणस्तरीयता कायम गरी बजारमा आपूर्ति सुनिश्चितता गराउन नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा आवश्यकता अनुसार स्थानीय तह तथा स्थानीय प्रशासन लगायतका सरोकारवाला निकाय वा संस्थासँग समन्वय गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षणका लागि आवश्यक उपकरण खरिद, नमुना सङ्कलन तथा परीक्षण, खटिएका टोलीलाई खाजा/खाना, नियमानुसार पाउने यातायात एवम् दैनिक भत्तामा रकम खर्च गर्न सकिनेछ।

१५. <u>उत्पादित वस्तुको गुणस्तर र लेबलिङ सम्बन्धी अन्तर्क्रियाः</u> कार्यालयले जिल्लास्तरमा उत्पादित वस्तुको गुणस्तर, लेबलिङ तथा प्याकेजिङ सम्बन्धमा उद्योगी तथा उपभोक्ताहरूलाई जनचेतना फैलाउने उद्देश्यले सचेतना तथा अभिमुखीकरण गर्ने कार्यक्रमको लागि आवश्यक दैनिक भ्रमण भत्ता, प्रशिक्षक पारिश्रमिक, यातायात, खाना/खाजा, प्रशिक्षण सामग्री, स्टेसनरी, इन्धन, सञ्चार र हलभाडामा रकम खर्च गर्न सक्नेछ।

१६. <u>उद्यमी एक्पोजर भिजिट कार्यक्रमः</u> (१) कार्यालयले जिल्लामा उद्योग स्थापना गरी राज्यलाई महत्वपूर्ण योगदान पुऱ्याएका तथा थप केही गर्न आवश्यक छ भनी अध्ययन गरेका उद्योगीहरूलाई प्रदेशभित्रका वा प्रदेश बाहिर रहेका सफल उद्योगहरूको अवलोकन/भ्रमण गराई उद्योगीहरूलाई उद्योग विस्तार गर्न र थप रोजगारीका अवसरहरू सृजना गर्न प्रोत्साहन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि आवश्यक दैनिक भ्रमण भत्ता, यातायात, स्टेसनरी, खाना/खाजा जस्ता रकम नियमानुसार खर्च गर्न सकिनेछ।

(३) यस दफा बमोजिमको कार्यसम्पन्न प्रतिवेदन निर्देशनालय समक्ष पेश गर्नुपर्नेछ।

१७. <u>विगतका आर्थिक वर्षहरूमा सिप विकास तालिम प्राप्त सहभागीहरूसँग अन्तर्क्रिया तथा परामर्श कार्यशालाः</u> (१) कार्यालयबाट विगतका वर्षमा सिप विकास तालिम लिएका सहभागीसँग अन्तर्क्रिया तथा छलफल गरी उद्यमशीलता अभिवृद्धि गर्न कार्यालयले कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा लाग्ने प्रशिक्षक पारिश्रमिक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडामा रकम खर्च गर्न सक्नेछ।

१८. <u>उपभोक्ता जागरण तथा उद्यमीसंग अन्तरक्रिया कार्यक्रमः</u> (१) निर्देशनालयले उपभोक्तालाई आफ्ना अधिकार र कर्तव्यबारे जानकारी दिने साथै उपभोक्ता हकहितका विषयमा उद्यमीसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा लाग्ने आवश्यक दैनिक भ्रमण भत्ता, प्रशिक्षक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडामा खर्च गर्न सकिनेछ।

१९. <u>प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण कार्यक्रम पोस्टर), पम्पलेट, रेडियो, टि भि, पत्रपत्रिका आदी)</u> निर्देशनालय तथा कार्यालयले उद्योग तथा वाणिज्य सम्बन्धी कानुनी व्यवस्था एवं उपभोक्ता शिक्षा सम्बन्धी बुलेटिन, ब्रोसर, पम्पलेट, टेलिभिजन, रेडियो, पत्रपत्रिका लगायतका विषयमा चेतनामूलक सन्देशको छपाइ, प्रकाशन तथा विभिन्न सञ्चार-माध्यममार्फत प्रचारप्रसार गर्नका लागि यस कार्यक्रमबाट खर्च गर्न सक्नेछ।

मा. भण्डारीलाल अहिर
मन्त्री

२०. <u>कर्मचारी क्षमता विकास कार्यक्रम(स्कीम तथा प्रस्तावना लेखन)</u>

(१) निर्देशनालय र कार्यालयको कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले निर्देशनालयले उद्योग विभागसँगको समन्वयमा स्कीम तथा प्रस्तावना लेखन सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा लाग्ने आवश्यक दैनिक भ्रमण भत्ता, प्रशिक्षक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडामा खर्च गर्न सकिनेछ।

## परिच्छेद-४

## <u>सुपथ मूल्य पसल सञ्चालन कार्यक्रम</u>

२१. <u>सुपथ मूल्य पसल सञ्चालन कार्यक्रमः</u> कार्यालयले बजारको पहुँचबाट टाढा रहेका रुकुम (पूर्वी भाग) दुर्गम क्षेत्रका नागरिकलाई मात्र सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने, आधारभूत खाद्यान्नमा सहज पहुँचको सुनिश्चितता गर्ने, आधारभूत खाद्यान्नमा मूल्य स्थिरता कायम गर्ने, आधारभूत खाद्यान्नको अभाव न्यूनीकरण गर्ने लगायतका उद्देश्य राखी यो कार्यक्रम सञ्चालन गर्नेछ।

२२. <u>समिति सम्बन्धी व्यवस्थाः</u> (१) सुपथ मूल्य पसल सञ्चालन गर्नका लागि स्थान छनोट गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको स्थान छनोट समिति गठन गरिनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, सम्बन्धित जिल्ला -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी, सम्बन्धित जिल्ला -सदस्य

(ग) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) अध्यक्ष, उद्योग वाणिज्य संघ (जिल्ला सदरमुकाम) -सदस्य

(ङ) कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले देहायका आधारमा स्थान छनोट गर्नेछः-

(क) मानव विकास सूचकाङ्कमा कमजोर भएको स्थानीय तह तथा स्थान,

(ख) द्वन्द्व प्रभावित, विपद् प्रभावित, श्रमिक तथा मजदुर, विपन्न नागरिक बसोवास गर्ने स्थानीय तह तथा क्षेत्र,

(ग) भौगोलिक रूपमा पिछडिएको तथा दुर्गम क्षेत्र,

(घ) लक्षित समूहको बढी बसोबास भएका स्थान,

(ङ) समितिले आवश्यक ठानेका अन्य आधार।

(३) सुपथ मूल्य पसल सञ्चालन गर्दा आवश्यक संस्था छनोट र प्रभावकारी सञ्चालन गर्न आवश्यक अनुगमन तथा सहजीकरणको लागि कार्यालयका कार्यालय प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको सहजीकरण छनोट समिति रहनेछः-

(क) कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय -संयोजक

(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) वडासचिव, कार्यक्रम लागु हुने सम्बन्धित वडा -सदस्य

मा. भण्डारी लाल अहिर
मन्त्री

(ङ) कार्यालय प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाबाट पेस भएका प्रस्तावको मूल्याङ्कन गरी स्वीकृत गर्ने,

(ख) सहुलियत पसल सञ्चालन गर्ने स्थानको छनोट गर्न सहजीकरण गर्ने,

(ग) अनुदान प्राप्त हुने खद्यान्नको बिक्री मूल्य निर्धारण गरी सोको कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(घ) सहुलियत पसलको अनुगमन गर्ने गराउने,

(ङ) कार्यविधिका सम्बन्धमा द्विविधा उत्पन्न भएमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन मन्त्रालय समक्ष सिफारिस गर्ने।

(६) उपदफा (३) बमोजिमको समितिले सहुलियत पसलमा बिक्री गरिने खाद्यान्नको आधार मूल्य देहायको आधारमा निर्धारण गर्नेछः-

(क) नेपाल राष्ट्र बैंकले जारी गरेको खाद्यान्नको मूल्यदर,

(ख) सम्बन्धित जिल्ला तथा स्थानीय तहमा लागु हुने गरी जिल्लाका सम्बन्धित सरकारी निकायले लागु गरेको खाद्यान्नको मूल्यदर,

(ग) सम्बन्धित स्थानीय तहले बनाएको खाद्यान्नको मूल्यदर,

(घ) जिल्ला तथा स्थानीय तहका उद्योग/वाणिज्य सङ्घले तोकेको खाद्यान्नको मूल्यदर,

(ङ) बजारमा खरिद बिक्री हुने प्रचलित मूल्यदर

(च) जिल्ला तथा स्थानीय तहमा नै उत्पादन हुने खाद्यान्नको प्रचलित आधार मूल्यदर,

(छ) कार्यालयले तोकेका अन्य आधारहरू।

(७) उपदफा (६) बमोजिमको आधारमा प्रस्ताव छनोट तथा सहजीकरण समितिले स्थानीय तह तथा स्थानमा सञ्चालन गरिने सहुलियत पसलमा बिक्री गरिने खाद्यान्नको मूल्य सूची तयार गर्नु पर्नेछ।

(८) सहुलियत पसलबाट बिक्री गरिने खाद्यान्नको उपदफा (६) बमोजिम तोकिएको आधार मूल्यमा मात्र बिक्री गर्नु पर्नेछ।

२३. <u>प्रस्ताव सम्बन्धी व्यवस्था:</u> (१) दफा २२ को उपदफा (१) बमोजिमको समितिले छनोट गरेका स्थानबाट संस्थाहरूलाई प्रस्ताव पेस गर्न कम्तीमा सात दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयको वेबसाइटमा सूचना प्रकाशन गर्नेछ र सो सूचना जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, कोष तथा लेखा नियन्त्रक कार्यालय र उद्योग वाणिज्यसँग सम्बन्धित निकायहरूमा समेत अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ।

(२) कार्यालयले प्रस्ताव आव्हानको सूचनामा तोकिएका सर्त र समयावधिभित्र सहुलियत पसल सञ्चालनका लागि योग्य संस्थाहरूले अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन सहित अनुसूची-३ बमोजिमको कागजात संलग्न राखी प्रस्ताव पेश गर्नु पर्नेछ।

६

मा. भण्डारी लाल अहिर
मन्त्री

(३) उपदफा (२) बमोजिमको प्रस्ताव पेश गर्दा एक संस्थाले एक स्थानको लागि मात्र गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमका प्रस्तावहरूको सात दिन भित्र अनुसूची-४ बमोजिमका सूचकहरुको आधारमा मूल्याङ्कन गरी सक्नुपर्नेछ।

(५) प्रस्तावको मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित सूचकको आधारको अतिरिक्त प्रचलित कानुनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्न सक्नेछ।

(६) मूल्याङ्कन भएका संस्थाहरु मध्ये सबैभन्दा बढी अङ्क ल्याउने संस्थालाई छनोटको लागि स्वीकृत गरी कार्यालयको वेबसाईट वा सूचना पाटीमा प्राथमिकताको आधारमा प्रकाशन गर्नुपर्नेछ।

(७) संस्था छनोट गर्दा कुनै गुनासो भएमा उपदफा (६) बमोजिमको सूची प्रकाशन भएको मितिले सात दिनभित्र निर्देशनालय समक्ष गुनासो पेस गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिमको गुनासो परेमा निर्देशनालयले गुनासो उपर छानविन गरी सात दिन भित्र निर्णय गर्नुपर्नेछ र निर्देशनालयले गरेको निर्णय अन्तिम हुनेछ।

२४. <u>सम्झौता गर्नुपर्ने</u>: (१) कार्यालयले छनोट भएका प्रस्तावदातासँग सम्झौता गर्न सात दिनको समयावधि दिई सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्रमा आउने प्रस्तावदातासँग कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकता क्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

२५. <u>अनुदानको सीमा तथा भुक्तानी</u>: (१) कार्यालयले सहुलियत पसल सञ्चालनका लागि छनोट भएका संस्थालाई स्वीकृत विनियोजित रकमको अधिनमा रही अनुदान रकम पेस्कीको रूपमा उपलब्ध गराउन सक्नेछ र उक्त पेस्की रकम फछ्यौंट भएपछि मात्र अन्य रकम उपलब्ध गराईनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये सुरुमा पेस्कीको रूपमा पच्चिस प्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ।

(३) सहुलियत पसल मार्फत खाद्यान्न बिक्री गर्दा निर्धारण गरिएको आधार मूल्यमा अनुसूची-६ बमोजिमको रकम अनुदान स्वरूप उपलब्ध गराईनेछ।

(४) सहुलियत पसल मार्फत अनुदान दिइने खाद्यान्नको परिमाण प्रति परिवार प्रति महिना अनुसूची-७ बमोजिम हुनेछ।

५) अनुदान रकम प्राप्त गर्ने संस्थाले अनुसूची-८ बमोजिमको खाद्यान्न बिक्री खाता तयार गर्नुपर्नेछ।

(६) यस परिच्छेद बमोजिमको सुविधा एक परिवारले महिनामा एक स्थानको एक संस्थाबाट मात्र प्राप्त गर्न सक्नेछ।

(७) संस्थाले ग्राहकलाई खाद्यान्न बिक्री गर्दा उपलब्ध गराउने अनुदानको रकम कार्यालयसँग माग गर्दा उपदफा (५) बमोजिमको बिक्री खाता सार्वजनिक गरी सोको मुचुल्का एवं सम्बन्धित वडा कार्यालयको सिफारिससहित पेस गरी माग गर्नुपर्नेछ।

(८) संस्थाले खाद्यान्न उपलब्ध गराए बापत माग गरेको अनुदान रकम कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(९) उपदफा (२) बमोजिम प्राप्त पेस्की रकम खर्च नभएमा संस्थाले उक्त रकम कार्यालयलाई सम्झौता अवधिसम्म फिर्ता गरी सक्नुपर्नेछ।

२६. **सम्झौता रद्द गर्न सकिने:** (१) कार्यालयले सहुलियत पसल सञ्चालन गर्ने पसलसँग देहायका अवस्थामा सम्झौता रद्द गर्न सक्नेछः-

(क) खाद्यान्न सामग्रीको बिक्री परिमाण र मूल्यको लगत यथार्थपरक नभएमा,

(ख) कारोबारको झुटा विवरण राखेमा र सोही झुटा विवरण पेस गरी भुक्तानी माग गरेमा,

(ग) उपभोक्ताको हितलाई बारम्बार बेवास्ता गरेमा,

(घ) गुणस्तरहीन र म्याद गुज्रेका सामग्री बिक्री गरेको प्रमाणित भएमा,

(ङ) कार्यालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा,

(च) रकमको दुरुपयोग गरेमा वा सम्झौता विपरीतको काममा रकम प्रयोग गरेमा,

(छ) संस्थाबाट कार्यक्रम सन्तोषजनक रूपले सञ्चालन नगरेमा,

(ज) प्रचलित कानुन विपरीतका कार्य गरेमा।

(२) कार्यालयले उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नुपूर्व सहुलियत पसल सञ्चालन गर्ने पसललाई सात दिनको सफाइ पेस गर्ने मौका दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सफाइ पेस गर्दा सन्तोषजनक नदेखिएमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

२७. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च:** कार्यालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमको तीन प्रतिशत रकममा नबढ्ने गरी व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेस गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरीवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरूका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२८. **आम्दानी खर्च सार्वजनिक गर्नुपर्ने:** (१) सहुलियत पसलले कार्यालय वा अन्य निकायबाट प्राप्त भएको अनुदान रकमको आम्दानी र खर्च देखिने गरी देहाय बमोजिम आम्दानी खर्च सार्वजनिक गर्नुपर्नेछः-

(क) सहुलियत पसलमा अनुदान रकम तथा सहुलियत दरमा बिक्री गरिने मूल्य सहित खाद्यान्नको विवरण सहितको बोर्ड सबैले देख्ने गरी राख्ने,

(ख) अनुदान रकम खर्च भएको विवरण, कारोबारको अद्यावधिक विवरण मासिक रूपमा सहुलियत पसलको सूचना पाटीमा राख्ने,



मा. भण्डारी लाल-अहिर
मन्त्री

(ग) सम्झौतामा उल्लेख भएका अन्य विषय।

(२) सहुलियत पसलले कार्यालयबाट प्राप्त अनुदान रकमको प्रचलित कानुन बमोजिम लेखा राख्नु पर्नेछ।

२९. <u>अनुदान रकम रोक्का तथा असुल उपर गरिने:</u> (१) अनुदान रकम तोकिएका क्षेत्रमा उपयोग नगरेमा, सम्झौता बमोजिम कार्यान्वयन नगरेमा, कार्यालयले दिएका निर्देशनको पालना नगरेमा कार्यालयले अनुदान रकम रोक्का गर्न सक्नेछ।

(२) अनुदान रकम दुरूपयोग गरेको प्रमाणित हुन आएमा त्यस्ता अनुदान रकम सम्बन्धित संस्था तथा सञ्चालकको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

## परिच्छेद-६
## उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम

३०. <u>उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम:</u> कार्यालयले उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याएका उद्यमीलाई प्रोत्साहन गर्ने, देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने, उद्यमीहरूलाई आफ्नो कार्यक्षेत्रमा सफल र प्रतिष्पर्धी बन्न अभिप्रेरित गर्ने, योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने र उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने उदेश्यले यो कार्यक्रम सञ्चालन गर्नेछ।

३१. <u>छनोट तथा मूल्याङ्कनका आधारहरु:</u> (१) उत्कृष्ट उद्यमी छनोट गर्दा अनुसूची-९ बमोजिमको मूल्याङकनको आधारमा दफा ३४ बमोजिमको समितिले सिफारिस गरेको उद्यमी मध्ये उच्चतम अङ्क प्राप्त गर्नेलाई कार्यालयले छनोट गरिनेछ।

(२) प्रत्येक जिल्लाले कम्तीमा एक जना महिलासहित दुई जना उत्कृष्ट उद्यमीहरूलाई सम्मान गर्नेछ।

(३) उपदफा (२) बमोजिमको कुनै पनि महिला उद्यमीको आवेदन नपरेमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

३२. <u>पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता:</u> उद्यमीले पुरस्कार तथा सम्मान प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः-

(क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशको सम्बन्धित जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक,

(ख) उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,

(ग) विगत दुई वर्षदेखि निरन्तर रूपमा उद्यम गरिरहेको,

(घ) नियमित रूपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको,

(ङ) यस कार्यक्रमबाट पछिल्लो तीन वर्षमा उद्यमीको पुरस्कार तथा सम्मान प्राप्त नगरेको।

(च) बैङ्किङ र फौजदारी कसुरमा नपरेको साथै सरकारलाई तिर्न बुझाउन कुनै बाँकी नरहेको स्वघोषणा।



मा. भण्डारी लाल अहिर
मन्त्री

३३. <u>सूचना प्रकाशन:</u> (१) कार्यालयले उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न इच्छुक उद्यमीका लागि १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अन्तर्गत उद्यमीले अनुसूची-१० बमोजिमको कागजातसहितको आवेदन कार्यालयमा पेस गर्नुपर्नेछ।

३४. <u>छनोट तथा सिफारिस समिति:</u> (१) उत्कृष्ट उद्यमी छनोट गरी कार्यालयसमक्ष सिफारिस गर्न देहायबमोजिमको एक छनोट तथा सिफारिस समिति रहनेछः-

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि - संयोजक

(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) अध्यक्ष, उद्योग वाणिज्य संघ (जिल्ला सदरमुकाम) -सदस्य

(घ) सम्बन्धित शाखा प्रमुख, कार्यालय -सदस्य सचिव

(२) छनोट समितिले आवश्यकता अनुसार सम्बन्धित उद्यमको स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

(३) पेस भएका आवेदन र संलग्न कागजातका आधारमा अनुसूची-९ बमोजिम मूल्याङ्कन गरी कार्यालयसमक्ष सिफारिस गर्नुपर्नेछ।

३५. <u>सम्मान तथा पुरस्कार:</u> (१) पुरस्कारको राशी विनियोजित बजेटको अधीनमा रही बढीमा प्रति उद्यमी पचास हजार रुपैयाँ हुनेछ। पुरस्कारको राशीमा नियमानुसार कर कट्टा गरी भुक्तानी गरिनेछ।

(२) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कारसहित अनुसूची-११ बमोजिमको सम्मान-पत्र प्रदान गरिनेछ।

३६. <u>प्रतिवेदन सम्बन्धमा:</u> यस कार्यविधि बमोजिम भए गरेका कार्यहरूको कार्यक्रम सम्पन्न भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयले निर्देशनालय समक्ष र निर्देशनालयले एकीकृत गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

३७. <u>प्रचलित कानुन बमोजिम गर्न सकिने:</u> यस कार्यविधिमा उल्लेख भएका कार्यक्रमका हकमा यसै बमोजिम र अन्य कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम गर्नु गर्नेछ।

## अनुसूची-१

(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मिति:.........................

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातयात मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय .................... को आ.व. ................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका.................जिल्ला.............गा.पा./न.पा.............. स्थानमा सहुलियत पसल सञ्चालनको लागि इच्छुक संस्थाहरूबाट............ मा कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले.............. दिन भित्र यस कार्यालयमा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तावसाथ पेस गर्नुपर्ने निवेदनको ढाँचा कार्यालयको.......................वा सूचना पार्टीबाट प्राप्त गर्न सकिनेछ।

मा. भण्डारी लाल अहिर
मन्त्री

## अनुसूची-२

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रस्ताव पेस गर्ने निवेदनपत्रको ढाँचा</u>**

श्री घरेलु तथा साना उद्योग कार्यालय,

...........................................

विषयः सहुलियत पसल सञ्चालनको लागि प्रस्ताव पेस गरिएको सम्बन्धमा।

हाम्रो..................................................संस्थाबाट.......................जिल्ला,...................उप.म.न. पा/.न.पा/.गा.पा........,.वडा नं. ........... अन्तर्गत ............ ................स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्ने लक्ष्य रहेकोले अनुदान पाउने व्यवस्थाका लागि आवश्यक कागजातहरू संलग्न राखी यो प्रस्ताव पेस गरेका छौं।

...........................

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नं.

संस्थाको नामः

संस्थाको छापः

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-३

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव पेस गर्दा संलग्न गर्नुपर्ने कागजात**

(१) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(२) संस्थाको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,

(३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(४) सञ्चालकको वैयक्तिक विवरण,

(५) कार्यक्रम सञ्चालनका लागि घर जग्गाको विवरण खुल्ने कागजात,

(६) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सम्पर्क नम्बर,

(७) सहुलियत पसल सञ्चालनका लागि घर जग्गा हुनुपर्ने वा भाडामा लिएको भए घर जग्गाधनीसँगको सम्झौता पत्र र घरवहाल कर तिरेको निस्सा।

(८) उपलब्ध गराउन सक्ने खाद्यवस्तुहरूको सूची,

(९) सञ्चालकको देहायको ढाँचाको प्रतिवद्वतापत्र।

**प्रतिवद्धतापत्रको ढाँचा**

घरेलु तथा साना उद्योग कार्यालय.........................को मिति..............................मा प्रकाशित सूचना बमोजिम सहुलियत पसल सञ्चालन कार्यक्रमका लागि अनुदानको व्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन पेस गरेको छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा सम्झौतामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी सम्झौतासम्म निरन्तरता दिनेछौं। सम्झौता अनुसारको कार्य नगरेमा वा तोकिएको अवधिभन्दा अगावै सो कार्य बन्द गरेमा कार्यालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

संस्थाको नामः
ठेगानाः
दस्तखतः
मितिः
संस्थाको छापः

इति संवत् २०८३ साल............ महिना......गते.........रोज शुभम् ............................।

मा. भण्डारी लाल अहिर
मन्त्री

# अनुसूची -४

(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

**मूल्याङ्कनका सूचकहरू**

१. संस्थाको नाम:

२. ठेगाना:

३. सम्पर्क व्यक्तिको नाम:

४. सम्पर्क नम्बर:

कार्यक्रम छनोटका लागि सूचक, आधार र पूर्णाङ्क:

| क.स. | मूल्याङ्कनको आधार सूचक | | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | सबैको पायक पर्ने स्थान | | २० | | |
| २ | संस्था दर्ताको अवधि (प्रतिवर्ष ५ अङ्कका दरले) | | २० | | |
| ३ | संस्थाको क्षमता (पूँजी) | | २० | | |
| | क) रु १० लाख भन्दा कम भए | १० | | | |
| | ख) रु १० लाख भन्दा बढि भए | २० | | | |
| ४ | लक्षित वर्गले सञ्चालन गरेको संस्था | | २० | | |
| ५ | स्थानीयले सञ्चालन गरेको संस्था | | २० | | |
| | जम्मा | | १०० | | |

सा. भण्डारी लाल अहिर
मन्त्री

## अनुसूची - ५

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री घरेलु तथा साना उद्योग कार्यालय रुकुमपूर्व मार्फत सञ्चालन गरिने आ.व. ...............को स्वीकृत सहुलियत पसल सञ्चालन गर्ने........................यस पछि (पहिलोपक्ष) भनिएको र मूल्याङ्कनको आधारमा छनोट भएका संस्था...................................यसपछि (दोस्रो पक्ष) भनिएको बिच तपसिलका सर्तनामाहरू लागु हुने गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी एक/एक प्रति लियौं/दियौं।

१. यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच सहुलियत पसल सञ्चालन कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।
२. सम्झौता भएको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले.......दिन भित्र सुरु गर्नु पर्नेछ।
४. आर्थिक वर्ष अन्त्य हुनुभन्दा १५ दिन अगावै यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।
५. सहुलियत पसल कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट पहिलो किस्ता बापत पच्चिस प्रतिशत पेस्की अन्तर्गत र बाँकी रकम पेस्की फछ्र्यौट गरे पश्चात बिक्री खाताका आधारमा मात्र प्रत्येक महिना उपलब्ध गराउनु पर्नेछ।
६. दोस्रोपक्षले कार्यक्रम सञ्चालन गर्दा सम्झौता तथा कार्यालयको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।
७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा बिक्री खाता सहित प्रतिवेदन तयार गरी दोस्रोपक्षले पहिलो पक्षसँग अनुरोध गर्नुपर्नेछ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिक्री खाताको आधारमा....... दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।
८. सहुलियत पसल कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।
९. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई सहुलियत पसल तथा खाद्यान्नमा क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।
१०. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फी रूपमा सम्झौता भङ्ग गरी दोस्रोपक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडि बढाउनेछ।
११. पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।
१२. दोस्रो पक्षले आफ्नो पसलको बोर्डमा लुम्बिनी प्रदेश सरकार, घरेलु तथा साना उद्योग कार्यालय, रुकुमपूर्वबाट सुपथमूल्य पसल सहयोग कार्यक्रम भनि उल्लेख गर्नु पर्नेछ।

.....................          .....................

मा. भण्डारी लाल अहिर
मन्त्री

पहिलो पक्षका तर्फबाट

नामः

पदः

साक्षीहरुः

दोस्रो पक्षका तर्फबाट

नामः

पदः

इति संवत् २०८३ साल..............महिना..........गते..........रोज शुभम्..................................

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-६

(दफा २५ को उपदफा (३) सँग सम्बन्धित)

**<u>खाद्यान्नमा दिइने अनुदान रकमको विवरण</u>**

१. चामलः प्रति के.जी. १० (दश) रुपैयाँ

२. नुनः प्रति के.जी. ५ (पाँच) रुपैयाँ

३. तेलः प्रति के.जी. वा प्रतिलिटर २० (बिस) रुपैयाँ

४. दाल/गेडागुडीः प्रति के.जी. २० (बिस) रुपैयाँ

५. गहुँ/पिठोः प्रति के.जी. २० (बिस) रुपैयाँ

६. चिनीः प्रति के.जी. १५ (पन्ध्र) रुपैयाँ

मा. भण्डारी लाल अहिर
मन्त्री

## अनुसूची-७

(दफा २५ को उपदफा (४) सँग सम्बन्धित)

**अनुदान प्रदान गरिने खाद्यान्नको परिमाण**

१. चामलः ५० के.जी.

२. नुनः २ के.जी.

३. तेलः ७ लिटर

४. दालः ५ के.जी.

५. गहुँ/पिठोः १० के.जी.

६. चिनीः ५ के.जी.

मा. भण्डारी लाल अहिर
मन्त्री

**अनुसूची-८**

(दफा २५ को उपदफा (५) सँग सम्बन्धित)

**<u>खाद्यान्न बिक्री खाताको ढाँचा</u>**

| क्र.स | मिति | खरिदकर्ताको नाम | नागरिकतानं. | सामानको विवरण | सामानकोपरिमाण | बिक्री मूल्य | छुट मूल्य | खरिदकर्ताको सही छाप | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-९

(दफा ३१ को उपदफा (१) र दफा ३४ को उपदफा (३) सँग सम्बन्धित)

**<u>मूल्याङ्कनका आधार</u>**

| क. सं. | छनोटको आधार | अधिकतम अङ्क | प्रासांक |
|---|---|---|---|
| १ | विगत दुई वर्षभित्र प्रदान गरेको रोजगारी संख्या | १५ | क) १० जनाभन्दा बढीलाई रोजगारी दिएको भए : १५-अङ्क<br>ख) ६ देखि १० जनालाई रोजगारी दिएको भए १०-अङ्क<br>ग) कम्तिमा ५ जनालाई रोजगारी दिएको भए -५ अङ्क |
| २ | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | २० | क) स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -२० अङ्क<br>ख) स्थानीय र बाहय दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१५ अङ्क<br>ग) बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१० अङ्क |
| ३ | श्रमिकको (१) सामाजिक सुरक्षा, (२) व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, (३) कार्यास्थल सुरक्षा तथा कार्यवातावरण | ३ | क) तीनवटै शर्त पूरा भएको अवस्थामा ३-अङ्क<br>ख) कुनै २ वटा शर्त पूरा भएको अवस्थामा २-अङ्क<br>ग) कुनै १ वटा मात्र शर्त पूरा गरेको अवस्थामा १-अङ्क |
| ४ | लक्षित वर्ग समूह | ३ | प्रचलित कानुन बमोजिम लक्षित बर्ग भएको उद्यमी भए -३ अङ्क, अन्य भए -२ अङ्क |
| ५ | उत्पादित वस्तु तथा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ | ९ | घ) उत्पादित वस्तु तथा सेवा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ भएमा ९ अङ्क<br>ङ) उत्पादित वस्तु तथा सेवा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै २ (दुई मात्र भएमा) ६ अङ्क |

मा. भण्डारी लाल अहिर
मन्त्री

| | | | |
|---|---|---|---|
| | | | च) उत्पादित वस्तु तथा सेवा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै एक मात्र भएमा ३ अङ्क मात्र |
| **जम्मा अङ्क** | | ५० | |

*पुनश्चः मूल्याङ्कन समितिले उल्लिखित आधारमा मूल्याङ्कन गरी कम्तीमा ३५ अङ्क प्राप्त गरेका उद्यमीलाई सम्मानका लागि सिफारिस गर्नेछ।*

मा. भण्डारी लाल अहिर
मन्त्री

## अनुसूची-१०
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

**पेस गर्नुपर्ने विवरणको ढाँचा**

१. उद्यमीको नामः .................................................................................................

२. व्यवसाय/उद्यमशीलताको नामः ........................................................................

३. कार्य प्रकृतिः ..............................................................................................

४. ठेगानाः ............................... जिल्ला ........................ पालिका ........... वडा ................ टोल

५. कार्यरत/व्यवसाय स्थापना मितिः .....................................................

६. सम्पर्क नम्बरः ...............................

७. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र, पारिश्रमिक भुक्तानीको बैङ्क स्टेटमेन्ट वा अन्य कुनै निस्सा भए पेस गर्ने):

..........................................................................................................................

८. उद्यमशीलतामा स्थानीय र बाह्य स्रोतसाधन प्रयोगको अवस्था (स्थानीय र बाह्य स्रोतको विवरण बुँदागत रूपमा खुलाउने):

..........................................................................................................................

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यास्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने।

..........................................................................................................................

१०. लक्षित वर्ग समूह (भए खुलाउने):

..........................................................................................................................

११. उत्पादित वस्तु, सामग्री तथा निर्माण गरिएका वस्तुहरूको भण्डारण, प्याकेजिङ र लेवलिङ सम्बन्धी विवरणः

..........................................................................................................................

१२. समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः

..........................................................................................................................

१३. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

मा. भण्डारी लाल अहिर
मन्त्री

(क)

..............................................................................................................................

(ख)

..............................................................................................................................

१४. अन्य कुरा केही भए खुलाउने।

..............................................................................................................................

.......

१५. संलग्न हुनुपर्ने कागजातहरू:

(क) नागरिकता प्रमाणपत्रको छायाँकपी,

(ख) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,

(ग) पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको छायाँकपी,

(घ) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,

(ङ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

(च) पछिल्लो तीन वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणा।

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-११

(दफा ३५ को उपदफा (२) संग सम्बन्धित)

<u>सम्मानपत्रको ढाँचा</u>

प्रमाणपत्र नं. ................ / ... / ...

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

..........................................................................................

## सम्मान-पत्र

तपाईंले सञ्चालन गर्नुभएको .................................................................................................... उद्योगमार्फत रोजगारीको सिर्जना तथा मुलुकको आर्थिक उन्नयनमा पुऱ्याउनु भएको अतुलनीय योगदानको कदर गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ। भविष्यमा उद्यमशीलता एवम् रोजगारीका माध्यमबाट मुलुकको आर्थिक उन्नयनमा गर्नुभएको योगदानलाई निरन्तरता दिनुहुनेछ भन्ने अपेक्षाकृत छौं।

मितिः

| कार्यालयको छाप |
|---|
| |

...........................................

प्रमुख उद्योग अधिकृत

भण्डारी लाल
मन्त्री